# पाँचौ गाउँ सभामा उपाध्यक्ष श्री लक्ष्मीदेवी राय ज्यू द्वारा

प्रस्तुत

# आर्थिक वर्ष २०७७/७८को

# बजेट वक्तव्य

बारागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोपवा, बारा २ नं. प्रदेश, नेपाल २०७३

## बारागढी गाउँपालिका
## खोपवा, बारा
## प्रदेश नं.२, नेपाल

२०७७ श्रावण ३१

श्रीमान् सभाध्यक्ष महोदय,
प्रमुख प्रशासकीय अधिकृतज्यू तथा अन्य कर्मचारीहरुज्यु
वडाध्यक्ष लगायत गाउँ कार्यपालिका तथा गाउँसभाका सदस्यज्यूहरु,
र अन्य उपस्थित महानुभावहरु ।

बारा जिल्लाको मध्य भागमा अवस्थित बारागढी गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन्। स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुत नेपालको संविधान, ऐन कानून, मन्त्रालयहरु बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौँ ।

**आय तर्फ**

यस आर्थिक बर्षमा आयतर्फ सघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १० करोड ३६ लाख , सशर्त अनुदानमध्ये शिक्षा,कृषि, पशु र स्वास्थ तर्फ गरी जम्मा रु ११ करोड ८० लाख ,राजस्व बाडफाँड तर्फ रु ६ करोड ६३ लाख ७० हजार ८ सय ८० रहेको छ त्यसै गरी समपुरक अनुदान तर्फ रु ६४ लाख मात्र , प्रदेश सरकार बाट प्राप्त बजेट मध्ये बितीय समानीकरणबाट रु ७१ लाख ६१ हजार, प्रदेश सशर्त अनुदान तर्फ रु ८० लाख प्रदेश विशेष अनुदान तर्फ ३० लाख र समपुरक अनुदान तर्फ २० लाख त्यसैगरी आन्तरीक आम्दानी अनुमानीत रु २८ लाख २० हजार ५ सय ५३ तथा गत आ/ब को बैक मौजदात ६ करोड गरी यस आ/ब २०७७/७८ जम्मा कुल बजेट रु ३७ करोड ७३ लाख ५२ हजार ४ सय ३३ रुपैया रहेको छ ।

**व्यय तर्फ**

यस बारागढी गाँउपालीकाको आ/ब २०७७/७८ मा हुने खर्च तर्फ चालु तथा प्रशासनीक खर्च तर्फरु. १० करोड ९१ लाख ९१ हजार ४ सय ३३ रहेको छ भने ,पुजिँगत तर्फ कार्यालय सञ्चालन तथा बिकास निर्माण समेतको गरी जम्मा रु १३ करोड ०७ लाख ६१ हजार र सशर्त तर्फ रु. ११ करोड ८०लाख साथै सघ र प्रदेश को समपुरक शर्शत र विशेष अनुदान गरी रु १ करोड ९४ लाख मात्र गरी जम्मा खर्च समेत रु. ३७ करोड ७३ लाख ५२ हजार ४ सय ३३ रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय पशु. शिक्षा र स्वास्थ तर्फ माथिबाट नै कार्यक्रम तय भइ आएको शसर्त अनुदान रु ११ करोड ८० लाख जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना/ कार्यक्रम बनाइरहनु परेन । साथै नेपाल सरकार तथा प्रदेश सरकार द्वारा प्राप्त भएको विशेष समपुरक र शर्शत अनुदानहरु मध्ये योजना छनौट भइ आएमा सोही योजनामा मात्र खर्च गरिनेछ ।

यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न विषयगत कार्यालय समेतको लागि चालु तर्फ जम्मा रु. ६ करोड १५लाख २६ रुपैयाँ छुट्याइएको छ। भने पुजिगत तर्फ (बिकास, आयोजना, कार्यक्रम) रु ६ करोड ९२ लाख ३५ हजार गरी छुट्याइएको छ।यसरी पुजिगततर्फ छुट्याइएको रकममध्ये विषयगत सिलङ र वडागत सिलिङको आधारमा छ वटा वडा कार्यालयबाट बस्तीस्तर टोलस्तर हुँदै सहभागितामुलक तवरले तपशीलको बिषयगत क्षेत्रहरुमा योजना संकलन गरिएको छ ।

**विषयक्षेत्रगत बजेट गाउँपालिका स्तरीय**

**आर्थिक क्षेत्र**

- युवाहरुलाई कृषिक्षेत्रमा आकर्षित गर्न कृषि र पशुपालन व्यवसायिकता उन्मुख विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि कृषि क्षेत्रमा गाउँपालिका स्तरमा जम्मा रु.२० लाख रकम विनियोजन गरिएको छ भने पशु क्षेत्रमा रु १५ लाख रकम विनियोजन गरिएको छ ।
- सहकारी चेतनाको अभिवृद्धि गर्न र सहकारी संस्थाहरुको संचालनका लागि ज्ञान र सीप विकास गर्दै वचत गर्ने बानीको विकास गर्न जानकारी मुलक एवं सचेतनामुलक क्रियाकलाप संचालन गर्न सहकारी क्षेत्रमा रु २ लाख बिनियोजन गरिएको छ ।

**सामाजिक विकास**

- स्वास्थय क्षेत्रलाइ प्रभावकारी तथा गुणस्तरीय सेवा उपल्बधताका लागी रु १५ लाख विनियोजन गरीएको छ
- शिक्षा क्षेत्रलाइ व्यस्थीत तथा गुणस्तरीय बनाउनका लागी विभिन्न कार्यक्रम तथा करार शिक्षकहरुको भर्ना तथा निरन्तरताका लागी रु ८५ लाख बजेट विनियोजन गरीएको छ ।
- यसै बर्ष देखी बर्थीङ्ग सेन्टर सचालनका लागी अधुरो भवन निर्माण कार्यका लागी रु२५ लाख विनियोजन गरीएको छ ।
- महिला स्वयंसेविकाहरुको मनोबल उच्च राख्र प्रोत्साहन भत्ताको रुपमा जनही मासिक रु. १५०० भत्ताको व्यवस्था गरिएको छ। स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमको लागि रु. १५ लाख विनियोजन गरिएको छ।
- खानेपानी सम्बन्धी विभिन्न आयोजना र कार्यक्रमको लागि ८ लाख विनियोजन गरिएको छ ।
- संस्कृति प्रवर्द्धन तर्फ २० लाख विनियोजन गरिएको छ ।
- खेलकुद तथा मनोरञ्जन अन्तरगत विभिन्न कार्यक्रमको लागि रु. ५ लाख विनियोजन गरिएको छ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रमको लागि १० लाख विनियोजन गरिएको छ ।

**पुर्वाधार विकास**

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडकहरु तथा पुल. कल्भर्ट तथा भबन निर्माणको लागि ६ करोड ९२ लाख ३५ हजार विनियोजन गरिएको छ ।
- त्यसैगरी विद्युत क्षेत्रको लागि रु. ७ लाख रुपैयाँ विनियोजन गरिएको छ।

**वातावरण तथा सरसफाइ**

- बन तथा भु-संरक्षण क्षेत्रका तथा बातारण र सरसफाइ कार्यक्रमका लागि रु५.लाख विनियोजन गरिएको छ।

**विपद व्यवस्थापन तथा विश्वव्यापी महामारी कोरोना कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागी**

- बिपद ब्यवस्थापन अर्न्तगत रु ४० लाख विनियोजन गरिएको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ कार्यालय व्यवस्थापन लगायतका सामान्य सेवा तर्फ रु. ७लाख रुपैयाँ विनियोजन गरिएको छ।
- गाँउपालीकाको प्रशासकीय भवन निर्माण का लागी रु १ करोड ५० लाख विनियोजन गरीएको छ ।

**मर्मत सम्भार कोष**

- भैपरी आउने कार्य नयाँ सडक पुलपुलेसा लगायत मर्मत सम्भार कार्यका लागि रु २० लाख रुपैया भैपरी आउने पुँजिगत शिर्षकमा विनियोजन गरीएको छ ।

**अन्य**

- फर्निचरमा रु. १५ लाख
- मेसीनरी औजारमा रु. १५ लाख
- सवारी साधनमा रु. २० लाख
- सुचना प्रविधी रु. १०लाख विनियोजन गरिएको छ
- उज्यालो क्रार्यक्रम रु ९ लाख
- रोजगार प्रवर्दन रु ३ लाख
- सेवा परामर्श रु २५ लाख

**वडागत रुपमा बजेट विनियोजन:**

बजेट निर्धारण समितीको निर्णय अनुसार वडा समितीको लागि जनसंख्या र भुगोललाई आधार मानेर कम्तिमा रु.६० लाखको सिलिंग तोकी वडाबाटै नागरिकको आवश्यकता बमोजिम आर्थिक. सामाजिक. पुर्वाधार तथा बातावरण क्षेत्रलाई समेटने गरि योजना छनोट गरी योजना संचालन गरिनेछ ।यसको लागि ६ वटा वडाको लागि कूल ३ करोड ९० लाख रकम विनियोजन गरिएको छ।

**बिशेष व्यवस्थाहरू:**

- गाउँपालिका क्षेत्रको विकासका लागि अन्य स्थानीय तह संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम अगाडी बढाइनेछ ।
- व्यक्तिगत घटना लगायतका तथ्यांक अधावधिक एवं व्यवस्थित गर्न सबै वडामा अनलाइन सेवा पुर्याइनेछ ।
- कार्यालयले प्रदान गर्ने सेवा चुस्त, दुरुस्त र सहज तुल्याइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- कार्यालयको सवारी साधन किफायती र व्यवस्थितरुपले परिचालन गर्न कार्ययोजना बनाइ संचालन गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी आन्तरिक लेखा प्रणाली लाई प्रभावकारी बनाइनेछ ।
- जनशक्ति विकास,संगठनात्मक संरचना,सुचनामैत्री कार्यसम्पादन र सेवाप्रवाह तथा समयानुकुल उपकरण बन्दोबस्त का सामग्री व्यवस्था गरिनेछ ।
- कार्यक्रमको बिस्तृत क्रियाकलाप,सम्पन्न गर्नु पर्ने अवधि,लागत,उपलब्धिसूचक र आयोजना कार्यान्वयनको कार्ययोजना पौष मसान्त भित्र स्वीकृत गरिसक्नु पर्ने व्यवस्था मिलाइनेछ ।
- वडास्तर बाट छनोट भई आएका योजना संचालनका लागि उपभोक्ता समिति लाई प्राथमिकता दिइनेछ । त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न उपभोक्ता समिति गठन गरि बैशाख मसान्त भित्र सम्झौता गरिसक्नु पर्नेछ साथै
- उपभोक्ता समिति बाट संचालन हुने योजना/कार्यक्रममा सम्बन्धित लाभग्राही को दिगो विकास र अपनत्व बोध होस् भनि ५% नगद सहभागिता र १०% जनश्रमदानको अनिवार्य व्यवस्था गरिएको छ ।
- निर्वाचित पदाधिकारीहरुको लागि सेवा सुविधा लगायतको लागि वजेट विनियोजित गरिएको छ, सो सुबिधा प्रदेशसभाले नीति नियम बनाए बमोजिम हुनेछ ।
- कार्यालयको सेवाप्रवाह प्रभावकारी र सुलभ बनाउन कार्यालय समय अघि र पछी समेत खटिने कर्मचारीको मनोबल गिर्न नदिन बिगतमा व्यवस्था गरिएको उत्प्रेरणालाई निरन्तरता दिदै चालु आ.व. का लागि गाउकार्यपालिका तथा वडा कार्यालयमा खटिने कर्मचारीलाई कार्यविधि अनुसार कार्य सम्पादन मुल्याङ्कनका आधारमा आधारभूत तलबको ५०% रकम प्रोत्साहन भत्ताको रुपमा व्यवस्था गरिएको छ ।
- नेपालको संबिधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहमै न्यायिक समिती गठन गरि न्याय सम्पादन गर्ने अधिकार दिए बमोजिम समिति गठन गरी सकिएको र सो समितिलाई आवस्यक पर्ने कानूनी राय दिन कार्यालयमा कार्यरत कानूनी सल्लाहकारको सेवालाई निरन्तरता दिइनेछ ।

श्रीमान् सभाध्यक्षज्यू,

अब म विनियोजन र स्रोतको व्यवस्था सम्बन्धि योजना प्रस्तुत गर्दछु. नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए बमोजिमको अधिकारबाट प्राप्त रकम, वित्तिय समानीकरण अनुदान, बिषयगत शसर्त अनुदानबाट प्राप्त हुने रकमका कारण बिगतको बजेटको आकारमा केहि वृद्धि भएको छ ।

चालु आ.व. का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व बाट रु २८ लाख २० हजार ५ सय ५३ तथा गत आ/ब को बैक मौजदात अनुमानीत रु ६ करोड केन्द्रीय तथा प्रदेशीक अनुदान बाट रु ३१ करोड ४५लाख ३१ हजार ८ सय ८० जुटाइनेछ ।

श्रीमान् सभाध्यक्षज्यु,

अब म चालु आ.व.२०७७/७८ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु

- पछिल्ला वर्षहरुमा आन्तरिक स्रोत परिचालन उत्साहजनक नभएकोले विकास निर्माणका गति तथा लक्ष्य प्राप्तिका लागि आवस्यक स्रोत जुटाउन राजस्वको वर्तमान वृद्धिदर मात्रै पर्याप्त हुने अवस्था छैन । करका दर तथा दायरा एवं कर का नया क्षेत्र पहिचान आवस्यक देखिन्छ ।
- श्रावण १ देखि नै नयाँ राजस्वका दर कार्यान्वयनमा ल्याउने र सो दर नै चालु आ.व.२०७७/७८ का लागि कायम गरिएको छ ।
- राजस्वका दायरा विकास गर्न यसै आ.व. २०७७/७८ देखि एकीकृत सम्पति कर लागु गर्न आवस्यक पर्ने सम्पूर्ण तयारी पुरा गरिनेछ ।
- राजस्व परिचालन वृद्धिका लागि आवस्यक सचेतनामुलक तथा घुम्ती टोली कार्यक्रम संचालनमा ल्याइनेछ।
- करदाता शिक्षा अभिवृद्धि गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण व्यवसायलाई कानूनी रुपले दर्ता प्रक्रियामा ल्याइनेछ ।
- साझा अधिकार क्षेत्रका सवालमा संघ र प्रदेशसंग आवस्यक समन्यव र सहकार्य गरिनेछ ।

श्रीमान् अध्यक्षज्यु,

यस बजेट को कार्यान्वयन बाट गाउँक्षेत्र भित्रका विकास गतिविधिले गति प्राप्त गरि आर्थिक क्रियाकलापहरु चलायमान हुनेछन । ग्रामिण सडकहरु मर्मत भई शहरी सडक संग जोडीनेछन् ।मातृ-शिशु मृत्युदरमा कमि आउने छ ।गाउ गाउ मा सेवा प्रवाह भइ सेवाग्राही करैया आउनु पर्ने बाध्यता को अन्त्य हुनेछ ।

अन्त्यमा

यस बजेट तर्जुमामा प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउपालिका अध्यक्षज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, कार्यपालिका सदस्यज्युहरु, बिषयगत समितिका सदस्यज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्यमा हार्दिक आभार प्रकट गर्दछु । विभिन्न बिषयगत समिती तथा कार्यपालिकामा छलफलबाट प्राप्त सुझावका आधारमा बजेट तर्जुमा गरिएको छ । गाउँको चौतर्फी विकास र सम्वृद्धीमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम गाउँवासी,करदाता,विकास साझेदार,सरकारी तथा गैरसरकारी संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

**लक्ष्मी देवी राय**
उपाध्यक्ष
बारागढी गाउँपालिका, खोपवा बारा ।